# त्रिभुवन विश्वविद्यालय

**व्यवस्थापन संकाय**

(परीक्षा नियन्त्रण महाशाखा)

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**


व्यवस्थापन संकाय डीनको कार्यालय कीर्तिपुर

मितिः- २०८० । ०९ । ०१

## MBS तथा MPA कार्यक्रमको चौथो सत्रको परीक्षा फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७७ साल (सन् २०२१) मा भर्ना भएका परीक्षार्थीहरुको चौथोसत्रको नियमित परीक्षार्थी र सन् २०१९ देखि २०२० सम्ममा उल्लेखित कार्यक्रममा भर्नाभई चौथोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको **चौथोसत्रको नियमित परीक्षा** आगामी २०८० **माघ पहिलोसातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८० । ०९ । २० गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८० । ०९ । २३ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बमोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** मिति २०८० । ०९ । २१ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोटः**

*(क) नियमित परीक्षार्थिहरुको हकमा तेश्रोसत्रको प्रवेशपत्र / Triplicate Issued by Dean Office / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा चौथोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगैं संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ग) परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्गनको List** परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्ग परीक्षा फर्ममा समेत उल्लेख गर्नु पर्नेछ । **आन्तरिक मुल्याङ्गन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

*(घ) परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्गनको List** यस संकायको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।*

*(ङ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००११०६६०००००१ मा जम्मा गरी **कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर** परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org

व्यवस्थापन संकाय डीनको कार्यालय कीर्तिपुर

मितिः- २०७९ । ०९ । ०१

### मौका परीक्षाको परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकायबाट संचालित सिमेष्टर प्रणालीको Bachelor of Business Administration (BBA), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Hotel Management (BHM) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रमको आठौंसत्रको मौका परीक्षा (Chance examination) **२०८० पुस महिनाको तेश्रो सातादेखि** संचालन हुने भएकोले **उल्लेखित कार्यक्रममा सन् २०१८ मा भर्नाभई आठौंसत्रको नियमित परीक्षामा अधिकतम दुई विषयसम्ममात्र अनुतीर्ण/अनुपस्थित भएका परीक्षार्थीहरुले** आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरि परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८० । ०९ । १६ गते भित्र बुझाई सक्नुपर्नेछ । साथै सम्बन्धित क्याम्पस / कलेजले सो परीक्षा फाराम मिति २०८० । ०९ । १८ गते भित्र क्रमानुसार रोल नं. मिलाई एवं विषय रुजुगरी आवश्यक शूल्क (एक विषय भएमा रु १,००० र दुई विषय भएमा रु १,५००) र यस परीक्षा नियन्त्रण महाशाखाको Website: fomecd.edu.np मा उपलब्ध गराईएको नमुना बमोजिमको समष्टिगत विद्यार्थी विवरण फारम समेत अनिवार्य रुपमा उपलब्ध गराउन यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समष्टिगत विद्यार्थी विवरण को electronic copy यस महाशाखाको email id: mgmtdean.exam@gmail.com मा समेत उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**विलम्ब शूल्क :** मिति २०८० । ०९ । २७ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ । म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

***नोटः***

*(क) नियमित परीक्षाको Result Ledger / लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने छ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(ग) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९१०६६००००१ मा जम्मा गरी सोको सक्कल भैचर परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन